# नेपाली कांग्रेस

केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

च.नं.: ३८

भाद्र ९, २०७९

१. श्री सभापतिजी,
प्रदेश कार्यसमिति
(सबै प्रदेश कार्यसमितिहरुका लागि) ।

२. श्री सभापतिजी,
जिल्ला कार्यसमिति
(सबै जिल्ला कार्यसमितिहरुका लागि) ।

३. श्री सभापतिजी,
प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति
(एक भन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका सबै प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिहरुका लागि ।

४. श्री सभापतिजी,
प्रदेश सभा क्षेत्रीय कार्यसमिति
(सबै प्रदेश सभा क्षेत्रीय कार्यसमितिहरुका लागि ।

**विषय : प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवारको नाम सिफारिस गर्ने सम्बन्धमा ।**

प्रिय साथी,

वि.स. २०७९ सालको प्रारम्भसंगै मुलुकका सबै स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिहरुले पदभार ग्रहण गरिसकेको र आगामी मंसिर ४ गते प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन आयोग लगायत सम्वन्धित सरकारी निकायहरु तथा राजनीतिक दलहरु समेत आ-आफ्नो क्षेत्र र जिम्मेवारी अनुसारको कार्यमा क्रियाशील रहेको व्यहोरा अवगत नै छ ।

यसै सन्दर्भमा, निर्वाचन आयोगद्वारा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको प्रत्यक्ष र समानुपातिक दुवै तर्फको निर्वाचन कार्यक्रम समेत प्रकाशित गरिसकेको छ । यसर्थ, नेपाली कांग्रेस केन्द्रीय कार्य सम्पादन समितिको २०७९ श्रावण २८ गतेको बैठकले पार्टी विधानको व्यवस्था बमोजिम मातहतका सम्बन्धित पार्टी निकायलाई उम्मेदवारको नाम सिफारिस गर्न निर्देश गर्ने भनी



टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org Internet Access: ...

निर्णय गरे अनुसार, प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदका लागि प्रत्यक्ष र समानुपातिकतर्फ देहाय बमोजिमको प्रक्रिया पुरा गरी उम्मेदवारको नाम देहाय बमोजिमको मितिभित्र आफु भन्दा माथिल्लो निकायमा अनिवार्य सिफारिस गर्नु हुन यो परिपत्र गरिएको छ ।

**१. प्रतिनिधि सभा सदस्य पदको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारको नाम सिफारिस प्रक्रिया सम्बन्धमा :**

१. पार्टी विधानको धारा ३२ (८) (क) बमोजिम प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारीका लागि प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, सो क्षेत्रभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश अधिवेशन प्रतिनिधिको संयुक्त बैठक ( एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा सो जिल्ला भित्र रहेका केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश अधिवेशन प्रतिनिधिहरुको संयुक्त बैठक) बस्ने,

२. सो बैठकले पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिमको योग्यता पुगेको व्यक्तिमध्येबाट प्रत्यक्षतर्फका लागि बढीमा तीन जना र समानुपातिकतर्फको लागि समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कम्तिमा एक महिला सहित बढीमा दुई जनाको नाम निर्णय गरी २०७९ भाद्र १६ गतेभित्र जिल्ला कार्यसमितिमा (एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा) पठाउनेछ ।

३. यसरी नाम सिफारिस गर्ने बैठकमा सहमती हुन सकेमा सहमतीबाट र सहमती हुन नसकेमा वहुमतबाट निर्णय गर्नु पर्नेछ ।

४. एक भन्दा वढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिबाट यसरी सिफारिस भई आएका नाममा आफ्नो राय समेत उल्लेख गरी जिल्ला कार्यसमितिले २०७९ भाद्र १८ गतेभित्र प्रदेश कार्यसमितिमा पठाउनेछ ।

एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा बुँदा नं. १ मा उल्लेख गरिए बमोजिमको प्रक्रिया पुऱ्याई बैठक वसी आफ्नो राय समेत उल्लेख गरी जिल्ला कार्यसमितिले २०७९ भाद्र १८ गतेभित्र उम्मेदवारको नाम प्रदेश कार्यसमितिमा पठाउनु पर्नेछ ।

५. प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरी २०७९ भाद्र २० गतेभित्र केन्द्रमा पठाउनेछ ।



टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Internet Access: www.nepalicongress.org

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

२. **प्रदेश सभा सदस्य पदको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारको नाम सिफारिस प्रक्रिया सम्बन्धमा :**

१. पार्टी विधानको धारा ३२ (७) (क) बमोजिम प्रदेश सभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारका लागि प्रदेश सभा क्षेत्रीय कार्यसमिति र सो प्रदेश सभा क्षेत्रभित्र रहेका केन्द्रीय महाधिवेशन प्रतिनिधिको संयुक्त बैठक बस्ने,

२. सो बैठकले पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिमको योग्यता पुगेको व्यक्तिमध्येबाट प्रत्यक्षतर्फका लागि बढीमा तीन जना र समानुपातिकतर्फका लागि समावेशी सिद्धान्त समेतलाई ध्यानमा राखी कम्तिमा एक महिला सहित बढीमा दुई जनाको नाम निर्णय गरी २०७९ भाद्र १४ गतेभित्र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति ( एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमिति) मा पठाउनेछ ।

३. यसरी नाम सिफारिस गर्ने बैठकमा सहमती हुन सकेमा सहमतीबाट र सहमती हुन नसकेमा बहुमतबाट निर्णय गर्नु पर्नेछ ।

४. प्रदेश सभा क्षेत्रीय कार्यसमितिबाट यसरी सिफारिस भई आएका नाममा आफ्नो राय समेत उल्लेख गरी प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाका) ले २०७९ भाद्र १६ गतेभित्र जिल्ला कार्यसमितिमा पठाउनेछ ।

५. एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति मार्फत र एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, प्रदेश सभा क्षेत्रीय कार्यसमिति मार्फत सिफारिस भई आएका उम्मेदवारको नाममा जिल्ला कार्यसमितिले आफ्नो राय समेत उल्लेख गरी २०७९ भाद्र १८ गतेभित्र प्रदेश कार्यसमितिमा पठाउनेछ ।

६. प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरी २०७९ भाद्र २० गतेभित्र केन्द्रमा पठाउनेछ ।

३. **उम्मेदवारको नाम सिफारिस गर्दा ध्यान दिनु पर्ने थप कुरा**

१. नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा ३० बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्ने,

२. पार्टी विधानको धारा ६९ बमोजिमको व्यवस्थालाई समेत मनन् गर्नुपर्ने,



टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Internet Access: www.nepalicongress.org

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल


३. २०७४ सालको निर्वाचनमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदमा समानुपातिकतर्फबाट निर्वाचित भएको व्यक्तिको नाम पार्टी विधानको धारा ३३ (२) बमोजिम आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको समानुपातिकतर्फको उम्मेदवारका लागी सिफारिस नगर्ने ।

**४. पार्टीको तर्फबाट सिफारिस गरिने उम्मेदवारी बारे अन्य व्यवस्था**

१. नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको श्रावण २, २०७९ को बैठकले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको प्रत्यक्षतर्फको आगामी निर्वाचनमा सत्ता गठवन्धनमा रहेका दलहरुका विचमा तालमेल गर्ने निर्णय गरेको व्यहोरा अवगत नै छ । सोही निर्णय अनुसार, सत्ता गठवन्धनमा रहेका दलहरुका विचमा हुने सहमती बमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको प्रत्यक्षतर्फको सीटको बाँडफाँड गरिए अनुसार मुलुकका प्रतिनिधि सभा निर्वाचन क्षेत्र र प्रदेश सभा निर्वाचन क्षेत्रमा पार्टीका तर्फबाट उम्मेदवार खडा गरिने छ । देशभरका १६५ प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ३३० प्रदेश सभा निर्वाचन क्षेत्र मध्ये जुनजुन निर्वाचन क्षेत्रमा गठवन्धनमा रहेका अन्य दलको उम्मेदवार रहने भनी सत्ता गठवन्धनमा रहेका दलहरुका वीचमा सहमती हुन्छ, सो निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसको तर्फबाट उम्मेदवारी रहने छैन ।

२. उम्मेदवारको नाम सिफारिस गरी पठाउने प्रत्येक तहले सिफारिसमा नाम परेका प्रत्येक व्यक्तिबाट - पार्टीका उम्मेदवार र पार्टीले समर्थन गरेका उम्मेदवारलाई विजयी बनाउनका लागि सम्पूर्ण रुपमा सक्रिय रहने प्रण सहितको प्रतिवद्धता पत्र (यसैसाथ संलग्न) भराई एक प्रति जिल्ला कार्यसमितिको कार्यालयमा सुरक्षित राखी एक प्रति क्रमश: माथिल्लो निकाय मार्फत उम्मेदवारको नामको सिफारिस साथ संलग्न राखी केन्द्रमा अनिवार्य पठाउनु पर्नेछ ।

**जय नेपाल !**

गगनकुमार थापा
**महामन्त्री**



टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Internet Access: www.nepalicongress.org